बैठक नं ६१

आज मिति २०७८ साल श्रावण १३ गतेका दिन यस पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा वैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | श्री सीमा कुमारी क्षेत्री | प्रमुख | |
| २ | श्री महेश पुरी | उप प्रमुख | |
| ३ | श्री निर्मल कुमार शेरचन | १ नं वडाध्यक्ष | |
| ४ | श्री तिलकराम श्रेष्ठ | २ नं वडाध्यक्ष | |
| ५ | श्री अमृत कुमार श्रेष्ठ | ३ नं वडाध्यक्ष | |
| ६ | श्री ओम बहादुर खड्का | ४ नं वडाध्यक्ष | |
| ७ | श्री रामचन्द्र रेग्मी | ५ नं वडाध्यक्ष | |
| ८ | श्री कृष्ण बहादुर कार्की | ६ नं वडाध्यक्ष | |
| ९ | श्री विश्वेश्वर प्रसाद रेग्मी | ७ नं वडाध्यक्ष | |
| १० | श्री याम बहादुर शाही | ८ नं वडाध्यक्ष | |
| ११ | श्री लिल प्रसाद गुरुङ | ९ नं वडाध्यक्ष | |
| १२ | श्री दुर्ग बहादुर शाह | १० नं वडाध्यक्ष | |
| १३ | श्री भवानी प्रसाद लामिछाने | ११ नं वडाध्यक्ष | |
| १४ | श्री दुत प्रसाद गुरुङ | १२ नं वडाध्यक्ष | |
| १५ | श्री ख्याम नारायण अधिकारी | १३ नं वडाध्यक्ष | |
| १६ | श्री शेषराज ढकाल | १४ नं वडाध्यक्ष | |
| १७ | श्री उमादेवी वस्याल | कार्यपालिका सदस्य | |
| १८ | श्री टोपली दमै | कार्यपालिका सदस्य | |
| १८ | श्री तिल कुमारी रेग्मी देवकोटा | कार्यपालिका सदस्य | |
| २० | श्री रामकुमारी थापा | कार्यपालिका सदस्य | |
| २१ | श्री सीता भुजेल | कार्यपालिका सदस्य | |
| २२ | श्री बाबुकाजी जि टी | कार्यपालिका सदस्य | |
| २३ | श्री सिद्धिमान कुमाल | कार्यपालिका सदस्य | |
| २४ | श्री रवि विक्रम के सी | आमन्त्रित सदस्य | |
| २५ | श्री बाबुराम बराल नि प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

बैठक संख्या : ६१

बैठक मिति : २०७८/४/१३

प्रस्तावहरुः

१ पार्कीङ् शुल्कको ठेक्का रद्द गर्ने सम्वन्धमा

२ प्रहरी चौकी स्थापना सम्वन्धमा

३ विविध

## निर्णय नं १

प्रस्ताव न १ माथि छलफल गर्दा नगरकार्यपालिकाको कार्यालयवाट चालु आर्थिक वर्ष २०७८/७९ का लागि आर्थिक ऐन २०७८ अनुसार नगरपालिका क्षेत्रमा पार्कीङ् शुल्क लगाउने गरी ठेक्का वन्दोवस्त गरी कर संकलन गर्ने क्रममा केही स्थानमा सम्वन्धित ठेकेदारवाट राजमार्ग क्षेत्रमा पार्कीङ् गरेका साधनहरुवाट समेत शुल्क असुल गरेको, कतिपय स्थानमा पार्कीङ् स्थल नहुँदा कर असुल गर्न समस्या परेको, साथै केही स्थानका स्थानीय व्यवसायीहरुले कोरोनाका कारण थला परेको व्यवसाय भर्खर मात्र खुलेको अवस्थामा बजारको लागि आउने ग्रामीणस्तरका साधनमा पार्कीङ् शुल्क लिदा व्यवसायमा नकारात्मक असर परेको भनी गुनासो आएको हुँदा उपरोक्त असरहरुलाइ मध्यनजर गर्दै नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २० को वाधा अड्काउ फुकाउ सम्वन्धि अधिकार प्रयोग गरी निम्न स्थानमा लागेको पार्कीङ् शुल्कको ठेक्का रद्द गरी सम्वन्धित ठेकेदार वा फर्मले राखेको धरौटी तथा जम्मा गरेको नगद राजश्व हाल लाइ अल्या रकम मध्येवाट फिर्ता गरी पछि हिसाव मिलान गर्ने र ठेक्का नलागेका क्षेत्रको सूचना समेत रद्द गर्ने निर्णय गरियो ।

| क्र स | ठेक्का लागेको क्षेत्र | ठेक्का लिएका फर्म / संस्था | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्याङ्जा बजार क्षेत्र | सञ्जय विल्डर्स प्रो सञ्जय श्रेष्ठ पु व न पा १ | १६९६१३। | |
| २ | छोरेखोला भालुपहाड क्षेत्र | सुप्रिम कन्स्ट्रक्सन प्रो सुर्य व गुरुङ् आँधीखोला ६ | १९२१००। | |
| ३ | नौडाडा पुरानो तथा नयाँबजार क्षेत्र | सुप्रिम कन्स्ट्रक्सन प्रो सुर्य व गुरुङ्ग आँधीखोला ६ | २३७३०। | |
| ४ | वाडखोला क्षेत्र | सौजन कन्स्ट्रक्सन प्रो सौजन गुरुङ्ग पु व न पा८ | ३४०१३। | |
| **ठेक्का नलागेका क्षेत्र** | | | | |
| | प्रगति नगर क्षेत्र | | | |
| | राङ्खोला क्षेत्र | | | |

## निर्णय नं २

यस नगरपालिका भित्र सुरक्षा सम्वेदनशिल स्थानहरुका क्रमश शान्ति सुरक्षाको लागि प्रहरी चौकी स्थापना गर्ने नगरपालिकाको नीति अनुसार हाललाइ यस नगरपालिकाको वडा नं ६ दुइ जिल्लाको सीमानामा समेत पर्ने र सो वडामा सार्वजनिक घटनाहरु पनि वढीरहेको पाइएकोले उक्त वडामा प्रहरी चौकी स्थापना गर्न नगरपालिकाको अनुमति रहेको जानकारी गराउदै चौकी स्थापना गरिदिन नेपाल सरकार गृह मन्त्रलयलाइ जिल्ला प्रशासन कार्यालय स्याङ्जा मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल श्रावण ३२ गतेका दिन यस पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सीमा कुमारी क्षेत्री | प्रमुख | |
| २ | श्री महेश पुरी | उप प्रमुख | |
| ३ | श्री निर्मल कुमार शेरचन | १ नं वडाध्यक्ष | |
| ४ | श्री तिलकराम श्रेष्ठ | २ नं वडाध्यक्ष | |
| ५ | श्री अमृत कुमार श्रेष्ठ | ३ नं वडाध्यक्ष | |
| ६ | श्री ओम बहादुर खड्का | ४ नं वडाध्यक्ष | |
| ७ | श्री रामचन्द्र रेग्मी | ५ नं वडाध्यक्ष | |
| ८ | श्री कृष्ण बहादुर कार्की | ६ नं वडाध्यक्ष | |
| ९ | श्री विश्वेश्वर प्रसाद रेग्मी | ७ नं वडाध्यक्ष | |
| १० | श्री पवित्रा कुमारी क्षेत्री | नि.का. ८ नं वडाध्यक्ष | पवित्रा |
| ११ | श्री लिल प्रसाद गुरुङ | ९ नं वडाध्यक्ष | |
| १२ | श्री दुर्ग बहादुर शाह | १० नं वडाध्यक्ष | |
| १३ | श्री भवानी प्रसाद लामिछाने | ११ नं वडाध्यक्ष | भवानी प्रसाद |
| १४ | श्री दुत प्रसाद गुरुङ | १२ नं वडाध्यक्ष | |
| १५ | श्री ख्याम नारायण अधिकारी | १३ नं वडाध्यक्ष | |
| १६ | श्री शेषराज ढकाल | १४ नं वडाध्यक्ष | |
| १७ | श्री उमादेवी वस्याल | कार्यपालिका सदस्य | उमा |
| १८ | श्री टोपली दमै | कार्यपालिका सदस्य | |
| १८ | श्री तिल कुमारी रेग्मी देवकोटा | कार्यपालिका सदस्य | |
| २० | श्री रामकुमारी थापा | कार्यपालिका सदस्य | रामकुमारी |
| २१ | श्री सीता भुजेल | कार्यपालिका सदस्य | सीता |
| २२ | श्री बावुकाजी जि टी | कार्यपालिका सदस्य | |
| २३ | श्री सिद्धिमान कुमाल | कार्यपालिका सदस्य | |
| २४ | श्री रवि विक्रम के सी | आमन्त्रित सदस्य | |
| २५ | श्री पुरुषोत्तम शर्मा प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

पुतलीबजार नगरपालिका, स्याङ्जा

बैठक संख्या : ६२

बैठक मिति : २०७८/४/३२

प्रस्तावहरु :

(१) नगर दररेट पारित सम्बन्धमा,

(२) राजस्व दररेट अनुमोदन सम्बन्धमा,

(३) विविध ।

निर्णय नं. १ :

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ बमोजिम स्थानीय नगर दररेट निर्धारण गर्न गठित समितिले आर्थिक वर्ष २०७८/७९ को लागि स्थानीय नगर दररेट निर्धारण गरी पारितको लागि पेश गरेकोमा समितिले दररेट निर्धारण गर्दा गत वर्षको स्थानीय दररेट, यसै आर्थिक वर्षको लागि जिल्लाले तोकेको दररेट र स्थानीयस्तरमा चलन चल्तीमा रहेको दररेटलाई आधार मानि नगर दररेट निर्धारण गरेको देखिएकोले समितिले पेश गरेको दररेटलाई पारित गरी नगरपालिकाका आर्थिक वर्ष २०७८/७९ का योजना सञ्चालन गर्दा सो दररेटका आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाले प्रादन गर्ने सेवा प्रवाहसंग आवद्ध रही ईन्जिनियरीङ्ग सेवा उपलब्ध गराउने निजी फर्महरुलाई यस आर्थिक वर्ष २०७८/७९ बाट यस नगरपालिकामा अभिलेखीकरण गर्न लगाई सो वापत पहिलो पटकका लागि रु.१०,०००।- र वार्षिक नविकरण वापत रु. ७,५००।- दस्तुर कायम गर्ने गरी मिति २०७८/४/२१ को स्थानीय राजस्व परामर्श समितिले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै यस व्यवस्था बमोजिम नगरपालिकामा अभिलेखीकरण नभएका फर्महरुले तयार गरेको नक्सा तथा डिजाईनलाई नगरपालिकाले स्वीकार नगर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।